# वार्षिक प्रगति समीक्षा प्रतिवेदन

## आ. व. २०८१/०८२

**टोखा नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

मैजुहिटी, काठमाडौँ

बागमती प्रदेश, नेपाल ।

"कला, संस्कृतियुक्त, स्वच्छ, समुन्नत टोखा नगर"

# टोखा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
मैजुहिटी, काठमाडौं
बागमती प्रदेश, नेपाल

# आ.व. २०८१/०८२ को वार्षिक समीक्षा कार्यक्रम

मिति: २०८२/०५/१७ गते
स्थान: टोखा नगरपालिकाको सभाहल

आयोजक
टोखा नगरपालिका


**संरक्षक**

श्री प्रकाश अधिकारी, प्रमुख
श्री मुरारी तामाङ, उप-प्रमुख

**सम्पादक**

श्री कमल भट्टराई,
प्रमुख प्रशासकीय अधिकृत

**सामग्री संयोजन**

श्री अनिल प्रसाद जोशी,
वरिष्ठ शाखा अधिकृत

श्री मधुसुदन मिश्र,
शाखा अधिकृत

ई. श्री वसन्त पाठक,
सूचना प्रविधि अधिकृत

श्री प्रल्हाद बानियाँ, स.क.अ.

# प्राक्कथन

आजको समाजमा सरकारी र सार्वजनिक निकायहरूको कार्यक्षमता, पारदर्शिता र उत्तरदायित्वका लागि भए गरेको कामहरुको जनतासमक्ष प्रवोधीकरण गर्ने कार्य अत्यन्त महत्त्वपूर्ण बनेको छ। यसैका क्रममा जनताको सबभन्दा नजिकमा रहेको स्थानीय सरकारको रूपमा यस नगरपालिकाले आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार वर्षभरिमा सम्पादन गरिएका कार्यहरुको सारांश समेटी प्रतिवेदनका रुपमा यो समीक्षा पुस्तक तयार गरिएको हो । यो जनप्रतिनिधि, कर्मचारी र नगरबासी बिच सुमधुर सम्बन्ध स्थापना गर्ने एउटा प्रभावकारी कडी पनि हो । यस पुस्तिकाले नगरपालिकाको सम्पूर्ण कार्यहरूको उपलब्धी, समग्र मूल्याङ्कनका सूचकहरू, यथास्थितिका समस्या तथा चुनौतीहरू र आगामी योजनाहरूको आवश्यकताको झलक प्रस्तुत गर्न मद्दत पुऱ्याउँछ।

यस नगरपालिकाले आफ्नो क्षेत्र भित्रका जग्गा बर्गीकरणमा दुई समूह निर्धारण गरी वडा नं. ४ देखि ११ सम्म आवासीय र व्यापारीक एवं वडा नं. १ देखि ३ सम्म आवश्यकताको आधारमा वर्गीकरणको व्यवस्था, कृषकहरुलाई आवश्यक औजार, उपकरण, वीउ, मल तथा किटनासक औषधी वितरण, छाडा चौपाया नियन्त्रण, पशु जन्य रोगहरुको नियन्त्रण, सहकारी संचालकहरुमा तालिम, वेरोजगारको लगत संकलन र न्यूनतम रोजगार दिनको सुनिश्चितता, आवश्यकताको आधारमा तालिम प्रवाह, विद्यार्थी दिवा खाजा, सामुदायिक विद्यालयमा लिफ्टसहितको अपाङ्गता मैत्री भवन, आया, सुरक्षा गार्ड, विद्यार्थी बीमा र स्वास्थ्यतर्फ निःशुल्क रगत, ज्येष्ठ नागरिकहरूका लागि निःशुल्क स्वास्थ्य परीक्षण तथा औषधी वितरण, आन्तरिक राजस्वमा बृद्धि, कर सप्ताह एवं व्यवसाय दर्ता अभियान सञ्चालन जस्ता मौलिक कार्यक्रमहरु सफलताका साथ कार्यान्वयन गरेको छ। त्यस्तै सडक, पुल, ढल निकास, सरसफाई अभियान संचालन गर्दै सरकारी तथा सार्वजनिक भवन तथा जग्गा संरक्षणमा उल्लेखनीय सफलता हासिल गरेको छ यस अवसरमा नगरपालिकाका सफलताका कथा प्रस्तुत गर्न पाउँदा नगरपालिका गौरवान्वित महशुस गर्दछ।

यो स्थिति प्रतिवेदनको निर्माण गर्दा यस नगरपालिका अन्तर्गत सञ्चालनमा रहेका विभिन्न योजना तथा कार्यक्रमका सरोकारवालाको भनाइ, नगरकार्यपालिका, विषयगत समिति, वडा समिति र शाखागत वैठकका टिप्पणी, सयम समयमा गरिने निरीक्षण तथा अनुगमन, वडा तथा बस्तीहरुबाट प्राप्त भएका योजना तथा प्रतिवेदन र फिल्डका कर्मचारीहरुको संलग्नतामा सम्पादित कार्यहरुको बेलाबेलामा गर्ने गरिएको अनुगमन र मूल्याङ्कनलाई आधार लिइएको छ।यसलाई अन्य जिम्मेवार जनप्रतिनिधि तथा कर्मचारीहरुवाट आएका सुझावहरुलाई आत्मसात गर्दै समृद्ध पारिएको छ।

यस पुस्तिकामा नगरपालिकाका मुख्य-मुख्य उपलब्धि, असल अभ्यास र यसका विभिन्न क्षेत्रहरूमा देखिएका समस्या तथा चुनौतीहरूको समिक्षा गरिएको छ । यस पुस्तकले सरोकारवाला जनप्रतिनिधि, कर्मचारी, शिक्षक, पत्रकार तथा बुद्धिजीवीलगायत सम्पूर्ण नगरबासीलाई टोखा नगरपालिकामा भए गरेका क्रियाकलापबारे जानकारी दिने छ। यसबाट सरोकारवाला व्यक्तिले जनप्रतिनिधिहरूसँगको संवादमा सक्रिय भूमिका निर्वाह गर्न र उनीहरूको लागि अझ प्रभावकारी सेवाहरू सुनिश्चित गर्ने वातावरण निर्माणमा सहयोग गर्न महत्वपूर्ण भूमिका खेल्नेछ।

अन्त्यमा यस पुस्तिकामा नगरपालिकाले गरेका कार्यलाई प्रबोधीकरण गर्ने, प्रचारप्रसार गर्ने कार्यमा सहयोग पुग्ने दृष्टिकोणले मुख्य-मुख्य कार्यको उपलब्धि, असल अभ्यास, समस्या र चुनौतिसमेतलाई समावेश गरी यस रुपमा प्रस्तुत गर्न योगदान पुर्याउनु हुने जनप्रतिनिधि तथा कर्मचारीहरुप्रति हार्दिक धन्यवाद छ। आगामी वर्षका कार्यक्रमहरूलाई अझ व्यावहारिक, प्रभावकारी र पारदर्शी रुपमा सम्पादन गर्न सदाझै सबै नगरबासीको रचनात्मक सुझावको अपेक्षा गरिन्छ।

टोखा नगरपालिका

# विषय सूची


| | |
|---|---|
| **परिच्छेद-एक, टोखा नगरपालिकाको संक्षिप्त परिचय** | १ |
| १.२ टोखा नगरपालिकाको संठन संरचना | २ |
| १.३ स्थिति प्रतिवेदनको परिचय | ३ |
| **परिच्छेद-दुई, मुख्य नीतिगत प्रगति बिश्लेषण** | ४ |
| २.१ आर्थिक विकास | ४ |
| २.२ सामाजिक विकास | ६ |
| २.३ पूर्वाधार विकास | ११ |
| २.४ वातावरण तथा विपद् व्यवस्थापन | १४ |
| २.५ संस्थागत विकास सेवा प्रवाह तथा सुशासन | १५ |
| **परिच्छेद- तीन, बजेटको समीक्षा** | १९ |
| ३.१ स्थानीय सञ्चितकोषमा भएको आयको शिर्षकगत विवरण | १९ |
| ३.२ स्थानीय सञ्चितकोषवाट भएको व्ययको शिर्षकगत विवरण | २१ |
| ३.३ आ.व.२०८०/८१ को क्षेत्रगत विनियोजन र खर्च | २३ |
| ३.४ आ.व.२०८०/८१ मा वडागत विनियोजन र खर्चको विवरण (चालु तथा पुंजीगत) | २४ |
| **परिच्छेद- चार, विषय क्षेत्रगत प्रगति विवरण** | २७ |
| ४.१ आर्थिक विकास | २७ |
| ४.२ सामाजिक विकास | ३४ |
| ४.३ पूर्वाधार विकास | ४७ |
| ४.४ वातावरण तथा विपद् व्यवस्थापन | ५४ |
| ४.५ संस्थागत विकास सेवा प्रवाह तथा सुशासन | ५६ |
| **परिच्छेद- पाँच, निष्कर्ष** | ६१ |
| ५.१ समग्रमा नगरपालिकाको लागि प्राप्त अवसर | ६१ |
| ५.२ नगरपालिकाका समग्र समस्या तथा चुनौति | ६१ |
| ५.३ सेवाप्रवाह अझ राम्रो बनाउन गर्नुपर्ने प्रयासहरुः | ६१ |
| ५.४ निष्कर्ष | ६२ |
| वार्षिक समिक्षा उपस्थिति | ६३ |
| तस्विर झलक | ७० |

# परिच्छेद-एक
# टोखा नगरपालिकाको संक्षिप्त परिचय

काठमाडौं जिल्लाको निर्वाचन क्षेत्र नं. ५ र ६ को केही भागहरु (साविक गा.वि.स.ः झोरमहांकाल, टोखा चण्डेश्वरी, टोखा सरस्वती, धापासी र गोंगबु समेटी यस टोखा नगरपालिकाको वि.सं. २०७१ मार्ग १६ गते गठन भएको हो । प्राचिन वैज्ञानिक वस्ती व्यवस्थापन भएको ऐतिहासिक शहर (वडा नं. २ र ३ वडाहरु) समेत यसै क्षेत्रमा रहेको छ । यस नगरपालिकाको पूर्वमा बुढानिलकण्ठ नगरपालिका, पश्चिममा तारकेश्वर नगरपालिका, उत्तरमा नुवाकोट जिल्ला र दक्षिणमा काठमाडौं महानगरपालिकाको वडा नं. ३ र २६ पर्दछ । ११ वटा वडा रहेको यो नगरपालिका २७ डिग्री ४३ मिनेट १९ सेकेन्ड उत्तरी अक्षांश देखि २७ डिग्री ४८ मिनेट ५० सेकेन्ड उत्तरी अक्षांश र ८५ डिग्री २० मिनेट ९ सेकेन्ड पूर्वी देशान्तर देखि ८५ डिग्री २३ मिनेट २८ सेकेन्ड पूर्वी देशान्तरसम्म रही उत्तर दक्षिण लामो र पूर्व पश्चिम केही साँघुरो प्रकृतिको आकार भई शिवपुरी जंगलको छत्रछायाँमा १७.११ वर्ग किलो मिटर क्षेत्रमा फैलिएको छ । यस नगरपालिका भित्र बहुजाति र बहु भाषिक गरी कुल जनसंख्या १,३३,७५५ मा पुरुष ६६,५३२ र महिला ६७,२२३ जनाको बसोबास रहेको छ । यसमा कुल साक्षरता दर सरदर ९१ प्रतिशत रहेको छ भने यस नगरपालिकाको प्रमुख पर्यटकीय क्षेत्रको रुपमा झोरमहाँकालको वौडेश्वर महादेव, टोखा चण्डेश्वरीको चण्डेश्वरी र सपनतिर्थ मन्दिर, टोखा सरस्वतीको भुतखेल चौर र मसानकली मन्दिर, धापासीको वसुन्धरादेवी, गोंगवुको मनोरथ तिर्थस्थल र बिच विनायक मन्दिर प्रमुख रुपमा रहेका छन् । यस क्षेत्र भएर बग्ने प्रमुख नदीहरुमा विष्णुमति, साङ्गले खोला र सपनातिर्थ मुख्य रुपमा रहेका छन् । त्यसैगरी, मुख्य पोखरीहरुमा सरस्वती गहना पोखरी, गणेशपोखरी, सपना तिर्थ र स्नान कुण्ड मुख्य रुपमा रहेका छन् । यस नगरपालिका क्षेत्रमा अन्तर्राष्ट्रिय ख्याती प्राप्त ग्राण्डी अस्पताल, देउराली जनता फर्मा स्युटिकल प्रा.लि. आदि समेत पर्दछन भने ९ वटा सामुदायिक विद्यालय, ७७ वटा संस्थागत विद्यालय, २१ वटा मण्टेश्वरी विद्यालय, ३ वटा वैकल्पिक विद्यालय, ३ वटा सामुदायिक सिकाइ केन्द्र सहित शिशु स्याहार केन्द्र देखि उच्च शिक्षा अध्ययन गराउने कलेजहरु समेत रहेका छन् । यस नगरपालिकामा १ वटा प्रादेशिक अस्पताल र ११ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र रहेका छन् भने १११ वटा सहकारी संस्थाहरुको टोखा नगरपालिकाभित्र कार्यक्षेत्र रही सञ्चालनमा रहेका छन् ।

Tokha is an ancient city of Kathmandu Valley, Nepal. Its history goes back to more than 1500 years when Nepal was ruled by Lichchavi dynasty. The name Tokha (or Tukhya) comes from two Newari words, "Tu" meaning sugarcane (referring to the production of chaku –a quintessential in Newari sweets such as yomari –made from raw sugarcane juice), and "khya" meaning field. The village of Tokha once had abundance of sugarcane, and with most of the raw materials for this delicacy available it became renowned for its chaku, as well. This municipality is formed in Mangsir 21, 2071 B.S. by merging five existing VDCs viz. Dhapasi, Jhor Mahankal, Gongabu, Tokha Chandeshwori and Tokha Saraswoti with geographical area, 17.11 sq.km., total population 133,755 including Male population of 66,532 and Female population of 67,223. The literacy rate of the municipality is 91%. It is surrounded by Budhanilkantha Municipality in east, Tarakeshwor Municipality in west, Nuwakot district in North and Kathmandu Metropolitan City in south. Furthermore, this municipality is situated at the base of Shivapuri National wild life reserve conservation area. Most of the population constitute of Newar ethnic community which has unique cultural entity and historical background. However, the municipality is rich in cultural and ethnic diversity. The main sources of livelihood of Tokha communities are agriculture and livestock, and other small scale trade and businesses. There are lots of tourism places such as Baudeshwor Mahadev and waterfalls at Jhor Mahankal, Sapantirtha and Chandeshwori Temple at Tokha Chandeshwori, Bhutkhel ground at Tokha Saraswoti, Basundhara Devi (goddess) at Dhapasi and Manohar tirtha, Mahendrashwor Mahadev and Bich Binayak at Gongabu that have religious programmes like local jatras and national festivals time and again. We are also rich in water resources: rivers include Bishnumati river, Sangle khola and Sapantirtha and ponds include Sarswoti, Gahana pokhari, Ganesh pokhari, Sapantirtha Snan Kunda. There are 9 community schools, 77 institutional schools, 21 Montessori Schools, 3 alternative schools and 3 community learning centers that are spreading literacy programmes; 1 Provincial Hospital, 11 Basic Health Service Centers for health care and 111 cooperatives for improving livelihood.

## १.२ टोखा नगरपालिकाको संठन संरचना



## १.३ स्थिति प्रतिवेदनको परिचय

**क. पृष्ठभूमिः**

नगरपालिकाले तयार गरेको वार्षिक कार्यक्रम तथा बजेटले लिइएका लक्ष्य अनुसारको कार्यक्रम कार्यान्वयनको प्रगति विवरण प्रस्तुत गर्नु स्थिति प्रतिवेदनको मुख्य लक्ष्य रहेको छ। साथै नगरपालिकाको आवश्यकता अनुसार तयार गरिएको वार्षिक कार्यक्रम तथा वजेट अनुसार गरिएका कामहरुको सम्बन्धमा भए गरेका कार्यहरुको अवस्थाको वस्तुनिष्ठ प्रस्तुतिकरण नै स्थिति प्रतिदेन हो । स्थानीय सरकार सञ्चालन ऐन, २०७४, गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि सम्बन्धी ऐन, २०७५ तथा टोखा नगरपालिकाको विभिन्न विषयगत समिति (कार्य सञ्चालन) नियमावली, २०७९ बमोजिम उल्लेख भएका विभिन्न समिति, पदाधिकारी तथा कर्मचारीको मुख्य काम, कर्तव्य र अधिकार अनुसार काम कारवाही सञ्चालित छन् ।

**ख. उद्देश्यः**

वार्षिक कार्यक्रम तथा वजेट अनुसार गरिएका कामहरुको सम्बन्धमा निम्नानुसारको उद्देश्यहरु प्रस्तुत गरिएको छः

१. नगरसभाद्वारा स्वीकृत भएको निति, कार्यक्रम तथा विनियोजित वजेटबाट के कस्ता कार्यक्रमबाट के कति उपलब्धि हासिल भयो सोको स्पष्ट खाका प्रस्तुत गर्नु ,

२. सञ्चालित कार्यक्रमको कार्यान्वयनको अवस्था कस्तो रह्यो ?कुन स्थानमा के कस्ता कार्यक्रमहरु सञ्चालनमा रहेका छन् ? सो सम्बन्धी कार्यको वार्षिक स्थिति प्रतिवेदन तयार गर्नु,

३. विभिन्न समिति अन्तर्गतका शाखाहरूको सेवा प्रवाह र कार्यसम्पादनको अवस्था तथा मुख्य कार्यक्रमहरुको लेखाजोखा गरी सुधारका कदमहरु चाल्नु,

४. नगर गौरवका विकास कार्यक्रम र अन्य कार्यक्रम कार्यान्वयनको स्थिति तथा अवस्था प्रस्तुत गर्ने,

५. कार्यक्रम निर्माण, योजना कार्यान्वयन र अध्ययन, अवलोकन, निरीक्षण गरी अनुगमन गर्ने तथा सरोकारवालाहरुको भूमिकाको पृष्ठपोषण प्राप्त गर्ने र जिम्मेवारी तथा जवाफदेहिता वोध हुने गरी भावि कार्यका लागि सुधारको खाका तयार गर्ने,

६. नगरद्वारा सम्पादन भएका कार्यमा सम्बन्धित सवैको ध्यानाकृष्ट गराई राय, सुझाव, सल्लाह, निर्देशन प्रदान गर्ने ।

**ग. स्थिति प्रतिवेदनको निर्माण प्रक्रियाः**

यस नगरपालिका अन्तर्गत सञ्चालनमा रहेका विभिन्न नगरकार्यपालिका वैठक, शाखागत वैठक, सयम समयमा गरिने निरीक्षण तथा अनुगमन, वडा तथा बस्तीहरुबाट प्राप्त भएका योजना तथा प्रतिवेदनको आधार र फिल्डका कर्मचारीहरुको संलग्नतामा सम्पादित कार्यहरुको बेलाबेलामा गर्ने गरिएको अनुगमन र मूल्याङ्कनका आधारमा स्थिति प्रतिवेदन तयार पारिएको हो । यसलाई अन्य जिम्मेवार जनप्रतिनिधि तथा कर्मचारीहरुवाट आएका सुझावहरुलाई आत्मसात गर्दै समृद्ध गरिएको छ । साथै नगर कार्यपालिकाबाट प्राप्त निर्देशनसमेतका आधारमा अन्तिमीकरण गरी यो स्थिति प्रतिवेदन यो स्वरूपमा निर्माण भएको हो ।

**घ. स्थिति प्रतिवेदन तयारीका क्रममा प्रयोगमा ल्याइएका दस्तावेजहरुः**

यसमा उल्लेखित विवरण र विश्लेषणका तथ्याङ्कका स्रोतहरु मुख्यतः विभिन्न शाखा र वडाहरुबाट प्राप्त वार्षिक प्रगति प्रतिवेदन, वार्षिक कार्यक्रम तथा वजेट, विभिन्न योजना, आयोजना, अनुगमन तथा निरीक्षण प्रतिवेदन, सामाजिक परीक्षण प्रतिवेदन तथा विकास कार्यक्रमको अवस्था बोध तथा पृष्ठपोषणका आधारमा यो स्थिति प्रतिवेदन तयार गरिएको छ ।

## परिच्छेद-दुई

# मुख्य नीतिगत प्रगति विश्लेषण

| क्र.स | प्रमुख नीति तथा कार्यक्रम | कार्यान्वयनको अवस्था/उपलव्धी |
|---|---|---|
| **२.१ आर्थिक विकास** | | विनियोजन रकम रु.:- ४७३२३<br>खर्च रकम रु.:- ३०७४७ (६४.९७%) |
| १ | नव उद्यमी सिर्जना तथा विद्यमान उद्यमीको स्तरोउन्नति, लागत साझेदारीमा उद्यमशीलता प्रविधि हस्तान्तरण, सीप विकास गरी स्वरोजगार बनाइने, CTEVT र CTEVT बाट सम्बन्धन प्राप्त संस्थाहरुको समन्वयमा निर्धारित पाठ्यक्रममा आधारित सीपमूलक (सीप परीक्षण सहितका) कार्यक्रम सञ्चालन गरिनेछ | सीप परीक्षण सहितको विभिन्न सीप मूलक तालिम सञ्चालन, प्रविधि हस्तान्तरण, लागत साझेदारीमा प्रविधि हस्तान्तरण गरिएको । CTEVT को curriculum मा सञ्चालन भएको pluming, electrician, mobile repairing, tailoring, Care Giver, Beautician, cooking, ढाका बुनाई र Skill Test: Mobile repairing, tailoring, cooking, caregiver, Beautician; आदि विभिन्न सिपमूलक, रोजगारमूलक तालिम सञ्चालन गरिएको । |
| २ | श्रमिकहरुको ज्ञान, सीप, क्षमता र दक्षता अभिवृद्धिको लागि विशेष कार्यक्रम सञ्चालन गरी नगरपालिकाबाट सञ्चालन हुने कार्यमा निश्चित अवधिको रोजगारीमा आबद्ध, रोजगारी सिर्जना गर्न रोजगार सम्मेलनको आयोजना एवं श्रम बैंक सञ्चालनको शुरुवात गरिनेछ | सूचिकृत वेरोजगारहरुलाई न्यूनतम रोजगारी प्रदान, ५ वर्षे रोजगार रणनीति लागू, विभिन्न प्रशिक्षण कार्यक्रम सञ्चालन, वेरोजगारहरुको तथ्याङ्क संकलन कार्य; टोखा नगरपालिकाको श्रम डेस्क सञ्चालन कार्यविधि २०८२ नगरकार्यपालिकाबाट स्विकृत भई सञ्चालनका लागि आवश्यक प्रकृया अगाडी बढाइएको, "टोखा नगरपालिकाको Startup उद्यम कर्जा सञ्चालन कार्यविधि" निर्माणको लागि आवश्यक प्रकृया अगाडी बढाइएको, न्यूनतम रोजगारी सिर्जना अन्तर्गत कामका लागि पारिश्रमिक आयोजना सञ्चालनका लागि सूचिकृत बेरोजगारहरुको छनौट तथा रोजगार उपभोक्ता समिति गठन गर्ने कार्य सम्पन्न भएको, रोजगार कार्यक्रम सञ्चलन हुने सबै वडामा काममा खटिनुपूर्वको अभिमूखिकरण कार्यक्रम सञ्चालन गरिएको, वैदेशिक रोजगार बोर्ड अन्तर्गत प्रदान गरिने सेवाहरु अनलाइन श्रम स्विकृति, वैदेशिक रोजगार छात्रवृत्ति लगायतका कार्यमा सेवाग्राहिलाई सहजीकरण गरिएको, SaMi (सुरक्षित आप्रवासन) कार्यक्रम सम्बन्धमा जनप्रतिनिधि तथा कर्मचारीहरुलाइ अभिमूखिकरण कार्यक्रम सञ्चालन गरिएको, shramsansar . gov . np portal प्रयोग गर्न सेवाग्राहिलाइ सहजीकरण गरिएको । |

| क्र.स | प्रमुख नीति तथा कार्यक्रम | कार्यान्वयनको अवस्था/उपलव्धी |
|---|---|---|
| ३ | "नेपाली वस्तुको प्रयोग गरौं, नेपाली भएकोमा गर्व गरौं" भन्ने मान्यतालाई सार्थक तुल्याउन स्थानीय कृषि, उद्यम तथा पशुजन्य उत्पादित वस्तुहरुलाई बजारीकरणका लागि प्रोत्साहन गर्न जनघनत्व हुने स्थानहरुमा कोशेली-घर, स्थानीय उत्पादनको प्रदर्शनी, हाटबजार/रैथाने बजार सञ्चालनमा ल्याइनेछ। | हाट बजार स्थापना, कोसेली घर निर्माण, रैथाने खाजा महोत्सव, स्थानीय उत्पादनको प्रदर्शनी |
| ४ | कृषि र गैह्र कृषि भूमिको वर्गीकरण गरिनेछ। हाल साविक नभएको स्थानमा नापीनक्साको कार्यलाई सम्पन्न गर्न नापी कार्यालयसंग सहकार्य गरी डोर कार्यालय स्थापना गरी कार्य अगाडि बढाइनेछ। जग्गाधनी पुर्जामा जग्गाको वर्गीकरण कृषि योग्य जनाउने जग्गाधनीलाई कृषिजन्य सामग्री तथा उपकरणहरु शतप्रतिशत अनुदानमा उपलव्ध गराईनेछ। कौसी खेती, करेसाबारी, माटोविनाको खेती तथा प्राङ्गारिक खेतीलाई प्रोत्साहन गर्दै कृषकहरूलाई उचित तालिम, अनुदान एवम् उन्नत बिँउ बिजन, बिरुवा र उपकरण लगायतका सामग्रीहरू उपलव्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ। घरबाट निस्कने फोहोरलाई प्राङ्गारिक मल बनाई अर्गानिक उत्पादनमा जोड दिईनेछ। | नगरपालिकाको भू-उपयोग परिषद्बाट वडा नं. ४ देखि ११ सम्म आवासीय र व्यापारिक क्षेत्र एवं वडा नं. १ देखि ३ सम्मका जग्गाहरुको हकमा भू-उपयोग परिषदको बैठकबाट आवश्यकताको आधारमा बर्गीकरण गर्दै आएको। वडा नं. २ मा नापी कार्यालय स्थापना भई नयाँ नापी (हाल साविक) को कार्य हुदै आएको, निशुल्क कौसी खेती तालिम, हिउँदे र वर्षे तरकारीका विउ विजन, सुरक्षित विषादीहरु घरायसी फोहोर व्यवस्थापन गरि कम्पोष्टमल तयार गर्न इएम वर्षे फलफूलका बिरुवा निशुल्क वितरण, ५० प्रतिशत अनुदानमा मिनीटिलर, टनेल प्लाष्टिक, स्प्रेयर, खाध्यान्नको विउ वितरण। |
| ५ | खेतीवारीमा प्राविधिक सेवा, उत्पादनमा टेवा भन्ने नारालाई पूर्ण सफलतामा लैजान खेतीवारीमा प्राविधिक परिचालन गरिनेछ। | कृषकको आवश्यकता अनुसार परिचालन |
| ६ | पशुहरूमा लाग्ने महामारी रोगहरूको विरुद्ध नियमित खोप (HS,BQ, FMD, PPR र Anti-Rabies, लम्पी स्कीन आदि) निःशुल्क रुपमा लगाइने कार्यलाई निरन्तरता दिईनेछ। सामुदायिक कुकुर र विरालोको वन्ध्याकरण गर्ने र खोप लगाउने, घाईते र विरामीहरुको उपचार गर्ने तथा मृत जनावरहरुको उचित व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिइनेछ। | पशुहरुमा नियमित रुपमा महामारी रोगहरु विरुद्धको खोपहरु लगाईएको; सामुदायिक कुकुरहरुको वन्ध्याकरण, उचित खोप व्यवस्था नियमित गरिएको; साथै मृत जीवजन्तुहरुको समयमानै उचित सद्गगत गराईएको; |
| ७ | नगरपालिकामा भएका कृषि तथा पशु व्यावसाय सम्बन्धी फर्महरूको अभिलेखीकरण कार्यलाई निरन्तरता दिदै पशु नश्ल सुधारका लागि आधुनिक पद्धति अनुसार कृतिम गर्भाधान प्रविधिको प्रयोगलाई निरन्तरता दिईनेछ। | Liquid Nitrogen खरिद गरी कार्यालय र प्राईभेट प्राविधिकबाट कृषकको घरदैलोमा गई कृतिम गर्भादान सेवा प्रदान गरिएको |
| ८ | पशुपालन स्थल र पशु वधस्थलहरूलाई स्वस्थ एवम् वातावरणमैत्री ढंगले सञ्चालन गराउने सोको नियमित अनुगमनको लागि निर्देशिका बनाई नियमित रुपमा अनुगमन गरिनेछ। | पशु वधस्थलमा काम गर्ने कामदारहरुलाई zoonotic रोग सम्बन्धी कार्यशाला गोष्ठी सञ्चालन, मापदण्ड बमोजिम समयानुकुल अनुगमन गरिएको |

| क्र.स | प्रमुख नीति तथा कार्यक्रम | कार्यान्वयनको अवस्था/उपलव्धी |
|---|---|---|
| ९ | टोखा नगरपालिकाको अनुपम प्राकृतिक सौन्दर्य र पर्यटकीय सम्भावनाको उपयोग गरी टोखालाई आकर्षक, रमणीय, पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ। नगरपालिका भित्रका विभिन्न पर्यटकीय स्थल तथा सांस्कृतिक सम्पदाहरुमा बनभोजस्थल, सार्वजनिक शौचालय तथा अन्य आवश्यक पूर्वाधारहरु निर्माण गरिनेछ। | नियमित रुपमा प्रचार प्रसार भई नगरपालिकाको प्रवर्धन भएको । विभिन्न गन्तय स्थलहरु (बौडेश्वर झरना, सपनातिर्थ मन्दिर, चण्डेश्वरी, वज्रयोगिनी, कल्की नायाण मन्दिर परिसर, महेन्द्रेश्वर महादेव परिसर, सुर्यडाँडा आदि) नियमित मर्मत संभार तथा पुनः निर्माणका कार्यहरु भएको, भूतखेल चौरमा वनभोज स्थलहरुको विकास गरिएको आदि |
| १० | सबै सहकारी सँस्थाहरूमा सहकारी व्यवस्थापन, लेखापालन र गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (CoPoMIS) लागू गरी सहकारीका मूल्य, मान्यता र सिद्धान्त अनुरुप सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिईनेछ। | गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (CoPoMIS) लागू गरी सहकारी संस्थाको क्षमता विकासका लागि विविध आवश्यक तालिम दिईएको। |
| ११ | संघीय तथा प्रदेश कानुनको अधिकार सीमामा रहेर लघु, घरेलु तथा साना उद्योग दर्ता सम्वन्धी कानुन वनाई कार्यान्वयन गरिनेछ। | स्थानीय उद्योग दर्ता ऐन जारी भएको। |
| १२ | कालोबजारी, एकाधिकार, कृतिम अभाव सिर्जना, प्रतिस्पर्धा नियन्त्रण जस्ता कार्यको अन्त्य गर्दै व्यापारमा स्वच्छता र अनुशासन कायम गरी उपभोक्ताको हित संरक्षण गर्दै मूल्य र गुणस्तरमा उपभोक्ता नठगिने वातावरण सुनिश्चित गरी प्रभावकारी रुपमा वजार अनुगमन गरिनेछ। | नियमित बजार अनुगमनलाई तिब्रता दिदै आएको। |
| | २.२ **सामाजिक विकास** | विनियोजन रकम रु.:- ३७५७९७<br>खर्च रकम रु.:- २५१२४७ (६६.८६%) |
| १ | बाल विकास सहजकर्ता तालिम, प्रारम्भिक बाल्यावस्थाको अवस्था खेल सञ्चालन तथा बाल विकासका कक्षाहरुको स्तरोन्नति गर्ने कार्यलाई थप प्रभावकारी बनाइनेछ। | सहजकर्ताको क्षमता वृद्धि, खेल-आधारित सिकाइ सुदृढीकरण, कक्षाको स्तरोन्नति तथा बालबालिकाको समग्र विकास र विद्यालय तयारीमा उल्लेखनीय सुधार जस्ता उपलब्धिहरू हासिल भएका छन्। |
| २ | सामुदायिक विद्यालयहरुको दरबन्दी मिलानको कार्यलाई व्यवस्थित गराइनेछ। साथै, विद्यालयको भौतिक पूर्वाधार र शैक्षिक गुणस्तर सुधारका कार्यक्रमहरु सञ्चालन गरिनेछ। | आंशिक रूपमा शिक्षक दरबन्दी मिलान, विद्यालयको पूर्वाधार सुधार तथा शैक्षिक गुणस्तर अभिवृद्धि कार्यक्रममार्फत विद्यालय व्यवस्थापन सुव्यवस्थित बनेको, शिक्षक व्यवस्थापन सन्तुलित भएको, भौतिक सुविधा तथा सिकाइ वातावरण सुधारिएको र विद्यार्थीको सिकाइ नतिजा तथा समग्र शैक्षिक गुणस्तरमा उल्लेखनीय सुधार भएका छन्। |
| ३ | मेयर दिवा खाजा अन्तरगत सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि दिदै आएको दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिदै दिवा खाजाको गुणस्तरमा डाइट प्लान तय गरी व्यवस्थित वनाउदै लगिनेछ। | दिवा खाजा कार्यक्रमको निरन्तरतासहित डाइट प्लान अनुसार गुणस्तरीय र पोषिलो खाजा व्यवस्था भएपछि विद्यार्थीको स्वास्थ्य, उपस्थिति, सिकाइ उत्साह र समग्र शैक्षिक उपलब्धिमा सुधार भएको छ। |

| क्र.स | प्रमुख नीति तथा कार्यक्रम | कार्यान्वयनको अवस्था/उपलव्धी |
|---|---|---|
| ४ | Public, Private & Community Partnership Model (ppcp Model) का आधारमा विद्यालय शिक्षाको गुणस्तर विकास गरिनेछ। | एएऋए मोडेलमार्फत सार्वजनिक-निजी-सामुदायिक साझेदारी सुदृढ भई स्रोत सम्पदा, तालिम, प्रविधि र व्यवस्थापनमा सहयोग बढेको, विद्यालयको शैक्षिक गुणस्तर, सिकाइ वातावरण र विद्यार्थीको सिकाइ उपलब्धिमा उल्लेखनीय सुधार भएको छ। |
| ५ | टोखा नगरपालिकाभित्र रहेका पुस्तकालय (ई-लाईब्रेरी सहित), सामुदायिक सिकाइ केन्द्र, वैकल्पिक तथा अनौपचारिक शिक्षालाई व्यवस्थापन गर्दै लगिनुका साथै निजी तथा गैह्रसरकारी संस्थाहरुलाई पुस्तकालय सेवा विस्तार गर्न प्रोत्साहन गरिनेछ। | पुस्तकालय, ई-लाईब्रेरी, सामुदायिक सिकाइ केन्द्र तथा वैकल्पिक-अनौपचारिक शिक्षाको व्यवस्थित सञ्चालन र सेवा विस्तारको प्रोत्साहनबाट सूचना-स्रोत पहुँच बढेको, सिकाइ अवसर विस्तार भएको र समुदायको शैक्षिक सहभागिता तथा ज्ञान स्तरमा उल्लेखनीय सुधार भएको छ। |
| ६ | स्थानीयको रुचि, चाहाना र आवश्यकतालाई मध्यनजर गरी हाम्रो टोखा नामक स्थानीय पाठ्यकक्रम तथा पाठ्यपुस्तक विकास गरी कार्यान्वयन गर्दै लगिनेछ। नेपाल भाषा र तामाङ्ग भाषाका पाठ्यक्रम आवश्यकता अनुसार थप गर्दै लगिनेछ। | स्थानीय आवश्यकता अनुसार 'हाम्रो टोखा नामक पाठ्यक्रम कार्यान्वयन र नेपाल तथा तामाङ् भाषाका पाठ्यक्रम विस्तारबाट स्थानीय पहिचान, भाषा-संस्कृति संरक्षण, विद्यार्थीको सिकाइ सान्दर्भिकता र समुदायको शैक्षिक सहभागितामा उल्लेखनीय सुधार भएको छ। |
| ७ | बालबालिकामा सेवामुखी भावना : हामी सबैको चाहाना भन्ने नाराका साथ विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई नेपाल स्काउटका कार्यक्रमहरुमा आबद्धता गराउदै स्वावलम्बी, आत्मनिर्भर र सेवामुखी बनाउदै लगिनेछ । नेपाल स्काउटका सदस्यहरुलाई सामाजिक अनुशासन तथा स्वंयमसेवी भावना अभिवृद्धिका संवाहकका रुपमा उपयोग गरिनेछ। | नेपाल स्काउट कार्यक्रममार्फत विद्यार्थीमा स्वावलम्बन, आत्मनिर्भरता, सामाजिक अनुशासन र स्वयमसेवी भावना बढ्दै सेवा-मूलक चरित्र विकास तथा विद्यालय-समुदायप्रतिको जिम्मेवारी बोधमा उल्लेखनीय सुधार भएको छ। |
| ८ | नगर खेलकूद परिषद्लाई थप सशक्त बनाउदै नगरपालिकाभित्र सञ्चालन हुने खेलकूद सम्बन्धी सम्पूर्ण प्रतियोगिता, प्रशिक्षण तथा क्रियाकलापहरु एकद्धार प्रणाली मार्फत सञ्चालन गरिनेछ । पूर्वाधार निर्माण, प्रतियोगिता सञ्चालन, तालिम, Grass Root अभियान जस्ता क्रियाकलाप मार्फत विभिन्न खेलकूद क्षेत्रमा उत्कृष्ट खेलाडी उत्पादन गरिनेछ । क्लबका उत्कृष्ट खेलाडी तथा प्रशिक्षकद्धारा विद्यालयमा अनिवार्य रुपमा निश्चित समयको लागि स्वंयम् सेवक प्रशिक्षकको रुपमा खेल सिकाउने व्यवस्था मिलाइनेछ। | नगर खेलकूद विकासमार्फत खेलकूद पूर्वाधार, प्रशिक्षण, प्रतियोगिता तथा न्चबकक च्ययत अभियानको व्यवस्थित सञ्चालनबाट उत्कृष्ट खेलाडी उत्पादन, प्रशिक्षक क्षमता अभिवृद्धि, विद्यालय स्तरमा खेलकूद प्रशिक्षण सुनिश्चित र खेलकूद प्रतिभा विकासमा उल्लेखनीय सुधार भएको छ। |

| क्र.स | प्रमुख नीति तथा कार्यक्रम | कार्यान्वयनको अवस्था/उपलव्धी |
|---|---|---|
| ९ | राष्ट्रिय खेलकूद प्रतियोगितामा पदक हाँसिल गर्ने तथा अन्तराष्ट्रिय खेलकूद प्रतियोगितामा सहभागी हुने खेलाडीलाई प्रोत्साहन एवं पुरस्कृत गरिनेछ। भाषा, कला, साहित्य, शिक्षा,खेलकुद, धर्मसंस्कृति जस्ता विभिन्न विधामा योगदान पुर्याउने व्यक्तिहरु, उच्च शिक्षामा स्वर्णपदक प्राप्त गर्ने, विद्यावारिधी प्राप्त व्यक्तित्वहरुलाई सम्मान गरी उनीहरुको ज्ञान, सीप, क्षमतालाई नगरको विकास र समृद्धिमा उपयोग गरिनेछ। | खेलकूद, शिक्षा, भाषा, कला, साहित्य, धर्म-संस्कृति लगायत विभिन्न क्षेत्रमा उत्कृष्ट प्रदर्शन गर्ने व्यक्तिलाई प्रोत्साहन तथा सम्मान गर्दा खेलाडीको प्रोत्साहन, ज्ञान-सीपको सदुपयोग र नगरको समग्र विकास तथा समृद्धिमा योगदान पुगेको छ। |
| १० | टोखा नगरपालिका वडा नं. ३ स्थित भूतखेल चौरलाई नगरस्तरीय खेलकूद मैदानको रुपमा विकास गरिनेछ। साथै, अन्य उपयुक्त स्थानमा खेलकुद मैदान स्थापनाका लागि सम्भाव्यता अध्ययन गरिनेछ। | भूतखेल चौरलाई नगरस्तरीय खेलकूद मैदानको रूपमा विकास गरी अन्य उपयुक्त स्थानमा खेलकूद मैदान स्थापना सम्भाव्यता अध्ययन गर्दा खेलकूद पूर्वाधार सुदृढ, खेलकूद पहुँच विस्तार र विद्यार्थी तथा समुदायको सक्रिय सहभागिता प्रारम्भिक छलफल भएको छ। |
| ११ | राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिताः सबै विद्यार्थीहरुको सहभागिता भन्ने मान्यताका साथ प्रतियोगितामा अधिकतम् विद्यार्थी सहभागिता गराउने व्यवस्था मिलाइनेछ। | राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा अधिकतम् विद्यार्थी सहभागिता सुनिश्चित गर्दा विद्यार्थीको स्वास्थ्य, सक्रियता, प्रतिस्पर्धात्मक भावना र समुदायस्तरीय खेलकूद सहभागिता उल्लेखनीय रूपमा बढेको छ। |
| १२ | शिक्षालाई सीपसंग जोडौं भन्ने मान्यताका साथ पाठ्यपुस्तक विहीन कक्षा सञ्चालन कार्यलाई प्रभावकारी बनाइनेछ। शिक्षा र सीप लाई एकीकृत गर्दै विद्यार्थीहरुलाई खेलकुद, संगीत जस्ता अतिरिक्त क्रियाकलाप तथा सीप सिकाउन अतिरिक्त शिक्षकको व्यवस्था गरिनेछ। व्यक्तिको शारीरिक, मानसिक र बौद्धिक विकासमा सहयोग पुर्‍याउन योग, ध्यान जस्ता विषयलाई विद्यालय तह देखि नै लागू गराउदै समुदायस्तरमा समेत सञ्चालन गराइनेछ। | पाठ्यपुस्तक विहीन कक्षा सञ्चालन, अतिरिक्त शिक्षकद्वारा खेलकूद, संगीत र सीप सिकाइको व्यवस्था तथा योग-ध्यान समावेश गरेर शिक्षा र सीपलाई एकीकृत गर्दा विद्यार्थीको शारीरिक, मानसिक, बौद्धिक र रचनात्मक विकासमा उल्लेखनीय सुधार भएको छ। |
| १३ | नगरपालिका अन्तरगत रहेका सबै विद्यालयमा अध्यापनरत शिक्षकको क्षमता विकास गर्न विभिन्न किसिमका कस्टमाइज्ड तालिम सञ्चालन गरिनेछ। साथै शिक्षाको गुणस्तर विकास गर्न शिक्षक, अभिभावक,जनप्रतिनिधि, शिक्षाका सरोकारवाला सबै पक्षहरुको सहभागितामा शैक्षिक गोष्ठी, अन्तरक्रिया तथा सम्मेलन सञ्चालन गरिनेछ। | शिक्षक क्षमता विकासका लागि कस्टमाइज्ड तालिम सञ्चालन तथा शिक्षक, अभिभावक, जनप्रतिनिधि र सरोकारवालासँग शैक्षिक गोष्ठी, अन्तरक्रिया र सम्मेलनहरू आयोजना गर्दा विद्यालयमा अध्यापनको गुणस्तर सुधार र समग्र शैक्षिक विकासमा उल्लेखनीय सुधार भएको छ। |

| क्र.स | प्रमुख नीति तथा कार्यक्रम | कार्यान्वयनको अवस्था/उपलव्धी |
|---|---|---|
| १४ | माग र आवश्यकताको आधारमा शिक्षालाई प्रविधिसंग जोड्नका लागि कम्तीमा एक सामुदायिक विद्यालयमा प्राविधिक धारका कक्षा सञ्चालन गर्न पहल गरिनेछ। नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुमा स्नातक तह अध्ययन अध्यापनको लागि आवश्यक पहल गरिनेछ। | माग र आवश्यकताको आधारमा प्राविधिक धाराको कक्षा सञ्चालनका लागि पहल गरी नगरपालिका भित्र कम्तीमा एक सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा सुरु गर्नको लागि सरोकारवाला पक्षसँग छलफल गरिएको छ। |
| १५ | भाषा, कला, साहित्यको संरक्षण, प्रबर्द्धन र विकासको लागि टोखा साहित्यीक प्रतिष्ठानको स्थापना गरिनेछ। | टोखा साहित्यिक प्रतिष्ठान स्थापना गरी भाषा, कला र साहित्यको संरक्षण, प्रवर्द्धन तथा विकासका लागि आवश्यक संरचना र पहलहरू पूरा गरिएको छ। |
| १६ | नगरपालिका भित्रका सम्पूर्ण विद्यालयहरुले कूल विद्यार्थी संख्याको कम्तीमा १० प्रतिशत संख्यामा नगरपालिकाको मापदण्ड बमोजिम एकद्धार प्रणाली मार्फत छनौट भएका गरिब, जेहेन्दार तथा लक्षित वर्गका विद्यार्थीहरुलाई निःशुल्क पठन पाठन गराउनु पर्ने व्यवस्था गरी निःशुल्क पठन पाठन गरिएका विद्यार्थीहरुको विवरण अनिवार्य रुपमा सार्वजनिक गर्नु पर्ने व्यवस्था गरिनेछ। यसरी छात्रवृत्ति वितरण नगर्ने विद्यालयहरुको अनुमति रद्ध गरिनेछ। | नगरपालिका भित्रका सम्पूर्ण संस्थागत विद्यालयहरूले कूल विद्यार्थीको कम्तीमा १० प्रतिशतलाई एकद्धार प्रणालीअनुसार चयन गरी निःशुल्क पठनपाठन सुनिश्चित गरेका छन् र निःशुल्क पठनपाठन गरिएका विद्यार्थीहरूको विवरण सार्वजनिक गर्ने व्यवस्था लागू गरिएको छ। यसरी छात्रवृत्तिको विवरण समयमै नबुझाउने विद्यालयहरूलाई सचेत गराइएको छ। |
| १७ | बेसाहारा, अपाङ्ग तथा विपन्न बालबालिका अध्ययनरत मुनाफा रहित विद्यालयहरुलाई दिएको अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ। | बेसाहारा, अपाङ्ग तथा विपन्न बालबालिकाहरूलाई पठनपाठनमा निरन्तरता दिनको लागि टोखा नगरपालिका वडा नं. ३ स्थित श्री नितेन मेमोरियल एकेडेमी र वडा नं. ११ मा स्थित स्कोलाष्टिक नेशनल एकेडेमीलाई दिँदै आएको अनुदानलाई निरन्तरता दिइएको छ। |
| १८ | लागुऔषध दुर्व्यसनको रोकथाम तथा नियन्त्रण, मानसिक चिन्ता, मनोरोग, आत्महत्या विरुद्धका मानसिक स्वास्थ्य प्रवर्धनात्मक र सचेतनामूलक कार्यक्रमहरु मनोसामाजिक परामर्शदाताको व्यवस्था गरी विद्यालय तथा समुदायस्तरमा सञ्चालन गरिनेछ। | विद्यालय तथा समुदायस्तरमा मनोसामाजिक परामर्शदाताको व्यवस्था गर्दै लागुऔषध दुरुपयोग रोकथाम, मानसिक स्वास्थ्य प्रवर्द्धन र सचेतनामूलक कार्यक्रमहरू सफलतापूर्वक सञ्चालन गरिएको; नेपाल प्रहरी संगको सहकार्यमा लागू औषध दुर्व्यसन विरुद्धको रोकथाम कार्यक्रम सञ्चालन, विभिन्न सचेतना मूलक कार्यक्रम सम्पादन, लागू औषधकर्ताहरुको पुनर्स्थापना केन्द्रहरुमा सहयोग प्रदान, सचेतनामुलक गीत भिडियो निर्माण तथा प्रकाशन |
| १९ | जातिय, लैङ्गिक, सांस्कृतिक, भाषिक, वर्गीय हिंसा, शोषण, कुरीति, कुप्रथा, विभेद, दुर्व्यवहार तथा मानव वेचविखन विरुद्ध शून्य सहनशिलताको नीति लिइनेछ। | मानव बेचबिखन तथा ओसारपसारनियन्त्रण समितिलाई अभिमुखीकरण कार्यक्रम किशोरकिशोरीहरुलाई तनाव व्यवस्थापन तथा मानव वेचविखन नियन्त्रण सम्वन्धी अभिमुखीकरण कार्यक्रम |
| २० | एकल महिलाहरुको लागि जीविको पार्जनका कार्यक्रमहरु सञ्चालन गरिनेछ। साथै, किशोर किशोरीहरुका लागि जीवन उपयोगी सीप/शिक्षा प्रदान दिइनेछ। | नियमित सञ्चालन एकल महिला सशक्तिकरण सम्वन्धी अन्तरक्रिया |

| क्र.स | प्रमुख नीति तथा कार्यक्रम | कार्यान्वयनको अवस्था/उपलव्धी |
|---|---|---|
| २१ | बालमैत्री, युवामैत्री स्थानीय शासनका पूर्वाधारहरू पूरा गरी बालमैत्री, युवामैत्री स्थानीय तह घोषणा कार्यक्रमलाई वडा कार्यालय मार्फत क्रमागत सूचकहरु पुरा गराई वडाहरुलाई क्रमश घोषणा गर्दै लगिनेछ । टोखा युवा परिषद गठन गरिनेछ। | समुदायस्तरमा बालक्लव गठन तथा परिचालन, बालक्लव बाल संजाललाई नेतृत्व तथा क्षमता विकास तालिम; बालगृह संचालक तथाजनप्रतिनिधिहरुलाई बालअधिकार सम्वन्धी अभिमुखीकरण कार्यक्रम; बालगृह अनुगमन; विद्यालयस्तरमा बालयौन दुर्व्यवहारतथा साईवर क्राईम नियन्त्रण सम्वन्धी अभिमुखीकरण कार्यक्रम; बाल अधिकार सम्वन्धी अभिभावक शिक्षा कार्यक्रम; बालश्रम नियन्त्रणका लागि अभिमुखीकरण कार्यक्रम, बालभेला, बालक्लव र बालसंजाललाई आत्मरक्षासम्वन्धी तालिम;बालक्लव र बालसंजाललाई जीवन उपयोगीसिप सम्वन्धी तालिम |
| २२ | ज्येष्ठ नागरिकहरुलाई सक्रिय जीवन बिताउन अभिप्रेरित गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ। ज्येष्ठ नागरिकमा रहेको ज्ञान, सीप, अनुभव र क्षमतालाई पुस्तान्तरण गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ। ज्येष्ठ नागरिकहरुका लागि ज्येष्ठ नागरिक मिलन केन्द्र, दिवा सेवा केन्द्रहरु स्थापना गरिनेछ। ज्येष्ठ नागरिकहरुलाई घरमा नै नियमित स्वास्थ्य परीक्षण, फलोअप एवं निःशुल्क औषधि उपलब्ध गराउने व्यवस्था मिलाइनेछ। | अन्तरपुस्ता सीप हस्तान्तरणसम्वन्धी कार्यक्रम; ज्येष्ठ नागरिक सम्वन्धी विद्यमान ऐन कानुन सम्वन्धी कार्यक्रम; ज्येष्ठ नागरिकहरुलाई अल्जाईमर्सरोग तथा हेरचाह सम्वन्धी कार्यक्रमहरु सञ्चालन गरेको |
| २३ | टोखा नगरपालिकाभित्र अटिजम तथा भकभके बोली भएका व्यक्तिहरुको लगत संकलन गर्ने र निजहरुलाई Speech Theraphy एवं जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ। वीउ पूजी उपलब्ध गराउने कार्यक्रम मार्फत अपाङ्गता भएका व्यक्तिहरुलाई निजहरुको क्षमता अनुसारका सीप विकास कार्यक्रमहरु सञ्चालन गरिनेछ। | अपाङ्गता भएका व्यक्ति/परिवारलाई सिप विकास कार्यक्रम अन्तर्गत लोकल कुखुरा पालन तालिम सञ्चालन गरिएको; अटिजम भएका व्यक्तिका परिवारलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको; अपाङ्गता सम्वन्धी कानुन सचेतना कार्यक्रम सञ्चालन गरिएको |
| २४ | सामुदायिक विद्यालयमा अध्ययनरत सम्पूर्ण छात्राहरूलाई वर्षभरी आवश्यक पर्ने सेनेटरी प्याड निःशुल्क उपलब्ध गराइनेछ। | सम्बन्धित विद्यालयबाट नै खरिद गर्ने गरी व्यवस्था मिलाई निःशुल्क वितरण गरिएको |
| २५ | मेयर दीर्घायू निःशुल्क स्वास्थ्य परीक्षण, दीर्घरोग विरुद्धको अभियानमा मेयर कार्यक्रम तथा महिलाको स्तन तथा पाठेघरको मुखको क्यान्सर परीक्षण कार्यलाई निरन्तरता दिई थप सेवा विस्तार गरिनेछ । संङघीय र प्रदेश सरकारसंगको सहकार्यमा किशोरीहरुलाई पाठेघरको क्यान्सर विरुद्धको HPV (Human Papilloma Virus Vaccine) खोप लगइनेछ । ७५ वर्ष माथिका ज्येष्ठ नागरिकहरुलाई निःशुल्क रुपमा निमोकोकल भ्याक्सिन उपलब्ध गराइनेछ। | मेयर दीर्घायू नि शुल्क परिक्षण कार्यक्रममा जम्मा १५०१ जना सेवाग्राही लाभान्वीत भएको न्यानो झोला ९०० गर्भवती महिलालाई वितरण गरिएको ७२३ जना महिलाहरुको पाठेघरको मुखको क्यान्सर स्क्रिनिङ्ग गरिएकोमा ४ जना पोजेटिभ देखिएकोमा निजहरुको उपचार व्यवस्थापन गरिएको ६३सय भन्दा बढी किशोरीहरुले जएछ खोप लगाएका यसरी यो कार्यक्रममा जम्मा ८७ प्रतिसत बजेट खर्च भएको। |

| क्र.स | प्रमुख नीति तथा कार्यक्रम | कार्यान्वयनको अवस्था/उपलव्धी |
|---|---|---|
| २६ | उपमेयरसंग बालबालिका कार्यक्रम मार्फत विद्यालय तहका बालबालिकाको निःशुल्क स्वास्थ्य शिक्षा, पोषण, महिनावारी स्वच्छता र स्वास्थ्य परीक्षण जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ। | टोखा नगरपालिकाका ८ वटा सामुदायीक विद्यालयका वालवालिकाहरुलाई नि शुल्क स्वास्थ्य परीक्षण गरिएको आखा दात र मुटु सम्बन्धी समस्या भएका वालवालिकाहरुलाई थप उपचारको लागि अस्पतालमा रेफर गरिएको । साथै विद्यालयमा पढ्ने किशोरीहरुलाई महिनावारी स्वास्थ्य सम्बन्धि स्वास्थ्य शिक्षा दिईएको र उनिहरुको पोषण सुधारको लागि पोषण शिक्षाको साथै आईरन चक्की वितरण गरिएको। यो कार्यक्रम शिर्षकमा जम्मा ९१ प्रतिशत बजेट खर्च भएको। |
| २७ | सुरक्षित मातृत्व प्रवर्द्धनका लागि गर्भवती, सुत्केरी घरभेट कार्यक्रम मार्फत PNC जाँच तथा न्यानोभ्फोला वितरण कार्यलाई निरन्तरता दिइनेछ। | टखा नगरपालिका भित्रका गर्भवती महिलाहरुलाई नगरपालिकाको आन्तरिक स्रोतवाट क्याल्सियम चक्की खरिद गरि वितरण गरिएको साथै ९०० जना सुत्केरी महिलाहरुलाई न्यानो भ्फोला वितरण गरिएको। यो कार्यक्रममा जम्मा ९८ प्रतिशत बजेट खर्च भएको। |
| २८ | नगरभित्रका स्वास्थ्य केन्द्रहरूमा अत्याधुनिक उपकरण सहित सेवाग्राहीमैत्री पूर्वाधारको स्तरोउन्नती गरिनेछ। | नगरपालिका भित्र २ वटा स्वास्थ्य संस्थामा अत्याधुनिक उपकरण सहित ल्याब सेवा सञ्चालन भएको साथै गर्भवती महिलाहरुको गर्भ अवस्था पत्ता लगाउन पोर्टेवल भिडियो एक्स रे सेवा समेत सञ्चालन भएको । हाल पोर्टेवल भिडियो एक्स रे मेसिन जलेकोले सेवा निर्नतरता दिन नसकिएको । नगरपालिका अन्तरगत वडा नं ३ मा नया भवन निर्माणको अन्तिम चरणमा पुगेको र र वडा नं ७ मा पनि मापदण्ड बमोजिमको भवन निर्माण शुरु भएको। |
| २९ | ऐतिहासिक, धार्मिक, पुरातात्विक तथा सांस्कृतिक महत्वका मठ मन्दिर, वहाल, पोखरी, सम्पदाको नियमित मर्मत संम्भार पूनःर्निर्माण र संरक्षण गरिनेछ। अमूर्त सम्पदाहरु टोखा विष्का जात्रा, धापासी जात्रा, गोगंवुँ गणेशजात्रा लगायत परम्परादेखि मनाउदै आएका मेला-जात्रा, चाडपर्व, रीतिरिवाज, परम्परा, परिकार तथा संस्कृतिको संरक्षण, प्रवर्द्धन र संवर्धन गरी प्रचार प्रसार गरिनेछ। | विभिन्न गुठी,खलःपुचः एवं टोखा संस्कृति संरक्षण क्षेत्र विकास समिति मार्फत संस्कृति पर्यटन प्रवर्द्धनका क्षेत्रमा विभिन्न क्रियाकलापहरु सञ्चालन भएको । परम्परादेखि मनाउदै आएका मेला-जात्रा, चाडपर्व, रीतिरिवाज, परम्परा, परिकार तथा संस्कृतिको संरक्षण, प्रवर्द्धन र संवर्धन (टोखा विष्का जात्रा, धापासी जात्रा, गोगंवुँ गणेशजात्रा) |
| ३० | सांस्कृतिक मेला पर्व सञ्चालनको लागि कानुन निर्माण गरी अक्षयकोषको व्यवस्था गरिनेछ | अक्षय कोष कार्यविधि निर्माण भई अक्षय कोष खडा गरिएको |
| | **२.३ पूर्वाधार विकास** | विनियोजन रकम रु.:- ८४५३९३<br>खर्च रकम रु.:- ४९३८०८ (५८.४१%) |
| १ | नगर यातायात गुरुयोजनालाई पुनरावलोकन गरी गुरु योजनाले तोकेको सडकको क्षेत्राधिकार सुनिश्चित गरी सडक सम्वन्धी योजना कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ। | नगरको स्वामित्वमा रहेका सडकहरुको न्यूनतम मापदण्ड तय भएको |

| क्र.स | प्रमुख नीति तथा कार्यक्रम | कार्यान्वयनको अवस्था/उपलब्धी |
| --- | --- | --- |
| २ | सांस्कृतिक संरक्षित क्षेत्रको गुरुयोजना बनाई सोही अनुसार विकास निर्माण एवम् निजी आवास निर्माण गर्न प्रोत्साहन गरिनेछ। | टोखा संस्कृति संरक्षण विकास समिति गठन भई क्रियाशिल रहेको, उक्त समितिको गुरुयोजना अनुसार संस्कृतिक क्षेत्रको कार्य सम्पादन हुदै गरेको |
| ३ | मौलिक संस्कृति झल्कने गरी कलात्मक ढंगबाट भवन निर्माण भएमा नक्सापासमा विशेष छुट दिने व्यवस्थालाई निरन्तरता दिइनेछ। | नियमित रुपमा हुदै आएको, नक्सापास गर्दा लाग्ने दस्तुरमा छुट गरि प्रोत्साहन गरिएको। सांस्कृतिक प्रवेशद्धारहरु निर्माण |
| ४ | नगरभित्रका जलाधार भएका क्षेत्रहरुको पहिचान, आकाशेपानी संकलन तथा पुनर्भरण गरिनेछ । नगर क्षेत्रभित्र निर्माण भएका डिप बोरिङ, बुष्टर स्टेशन निर्माण, मर्मत, पुनःनिर्माण तथा नवःनिर्माण गर्दै ओभरहेड, अण्डरग्राउण्ड खानेपानी ट्याङ्की निर्माण, पानी पोखरीको स्थल पहिचान सहित संभाव्यता अध्ययन गरी प्राप्त प्रतिवेदनका आधारमा आयोजना अगाडि बढाइनेछ। | काठमाडौं उपत्यका खानेपानी लि.संगको सहकार्यमा कार्य सम्पादन हुदै आएको साथै नगरभित्र रहेका पानीका मुहान,स्रोतहरुको संरक्षण संवर्द्धन गर्ने कार्य नियमित रुपमा सम्पादन भएको साथै जलाधार क्षेत्र एवं अन्य क्षेत्रहरुमा पानी रिजार्ज प्वाईटहरु निमार्ण कार्यको थालनी भएको |
| ५ | आवधिक नगर विकास योजनाले लिएको लक्ष्य हासिल गर्न नगर गौरवका आयोजनाहरू निश्चित समयभित्र सम्पन्न गर्ने गरी कार्यान्वयनमा प्राथमिकता दिइनेछ । विकास आयोजनाहरु निर्धारित समय, लागत र गुणस्तरमा सम्पन्न गरिनेछ। | समय सीमा निर्धारण गरि कार्य सम्पादनको थालनी भएको |
| ६ | विकासमा सबै सरोकारवालाहरुको संलग्नताको सुनिश्चितता गरिनेछ । आयोजना तथा कार्यक्रममा दोहोरोपनाको अन्त्य गर्दै ठूला आयोजनाहरुको लागत प्रतिफल विश्लेषण गरिनेछ । क्षेत्रगत आवश्यकताको पहिचानको आधारमा लागत अनुमान तयार गरी योजना बैंक निर्माण कार्यलाई थप व्यवस्थित बनाई कार्यान्वयनमा ल्याइनेछ। | आयोजना तथा कार्यक्रम छनौटका चरणहरु पुरा गर्दै सुनिश्चितता गराई दोहोर पर्न नदिने गरिएको । आयोजना बैकको थालनी हुदै गरेको। |
| ७ | राष्ट्रिय भवन संहिता र स्थानीय भवन मापदण्ड अनुसार भवन निर्माण इजाजत दिइने कार्यलाई निरन्तरता दिइनेछ। भवन सहिंता कार्यान्वयनमा प्राविधिक दक्षता वृद्धि गरिनेछ। भवन निर्माण प्रारम्भ हुनु अघि निर्माणस्थलमा प्रस्तावित भवनको नक्सा र विवरण सहितको बोर्ड राख्नुपर्ने व्यवस्थालाई कडाईका साथ कार्यान्वयन गरिनेछ। | भवन अभिलेखिकरण, नक्सा डिजिटलाईजेशन, भ्द्यएक लागू |
| ८ | भूमिगत वा भूई तल्लामा पार्किङ्ग वा भण्डारण जुन प्रयोजनको लागि भवन निर्माण गर्न स्वीकृति लिएको हो, सो बाहेक अन्य प्रयोजनमा प्रयोग गर्न नपाइने व्यवस्था कडाईका साथ लागू गरिनेछ। नगरपालिका भित्रका उचित स्थानमा सवारी साधनको व्यवस्थित पार्किङ्गको लागि आवश्यक प्रबन्ध गरिनेछ। | नगरक्षेत्रमा व्यावसायीक प्रयोजनको लागि निर्माण हुने भवनहरू अपाङ्ग, ज्येष्ठ नागरिक, बालबालिकामैत्री तथा Underground Parking निर्माणको व्यवस्था पूर्ण रुपमा लागू गरिएको |

| क्र.स | प्रमुख नीति तथा कार्यक्रम | कार्यान्वयनको अवस्था/उपलव्धी |
|---|---|---|
| ९ | नगर क्षेत्रभित्र रहेका सार्वजनिक, ऐलानी, पर्ती, नदी उकास, नदी करिडोर र सरकारी जग्गाहरूको लगत अध्यावधिक गरी सोको संरक्षण, संवर्धन तथा उपयोग गर्ने कार्यलाई निरन्तरता दिदै अतिक्रमित सार्वजनिक, सरकारी जग्गाहरुको संरक्षण कार्यलाई थप तिब्रता दिइनेछ। नगरपालिका क्षेत्र भित्रका विष्णुमति, साङ्लेखोला, सपनातिर्थ लगायतका नदी तथा खोला, खोल्साको संरक्षण गर्ने तथा करिडोर विस्तारको कार्यलाई थप शसक्त बनाई निन्तरता दिइनेछ। | सार्वजनिक जग्गा संरक्षण समितिलाई थप शसक्त बनाई १४०० रोपनी सार्वजनिक जग्गा संरक्षण गरिएको। संरक्षणको कार्य निरन्तर रहेको। |
| १० | नगरपालिकाभित्र निर्माण हुने सबै सामुदायिक तथा सार्वजनिक भवन भवन संहिता तथा मापदण्ड बमोजिम हुने गरी निर्माण गरिनेछ। निर्माण हुने भवनमा निर्माण सम्पन्न प्रमाणपत्र जारी गर्नु पूर्व एक घर एक सकपिट, एक सेफ्टीट्याङ्की, पानी पुनर्भरण प्रणाली र एक फलफुलको विरुवा अनिवार्य गरिनेछ। | राष्ट्रिय भवन संहिता र स्थानीय भवन मापदण्ड पूर्ण रुपमा कार्यान्वयन भएको। |
| ११ | मेयर उज्यालो कार्यक्रम मार्फत नगरपालिकाभरि सडक बत्ती आवश्यक हुने सार्वजनिक स्थलको पहिचान गरी एकमुष्ट रुपमा सडकबत्ती जडान गरिनेछ। | नेपाल विद्युत प्राधिकरणको समेत लागत सहभागितामा स्मार्ट सडक वत्ती जडान कार्य निरन्तर भईरहेको। |
| १२ | जनता सुरक्षा कार्यक्रम मार्फत नगरपालिकाभरि सिसिटिभी आवश्यक पर्ने सार्वजनिक स्थानमा पहिचान गरी एकमुष्ठ रुपमा सिसिटिभी जडान सम्बन्धी कार्यविधि वमोजिम नगरपालिका, वडा कार्यालय वा प्रहरीसंग नियन्त्रण कक्ष रहने गरी सिसिटीभी जडान गरिनेछ। | नगरका मुख्य-मुख्य एवं भित्री सडकहरुमा समेत सिसिटिभी जडान गरिएको। |
| १३ | नगरपालिका क्षेत्रभित्र रहेका सुरक्षा संवेदनशील टोलहरूमा स्थानीयवासीहरू सँगको लागत साझेदारीमा सुरक्षा साइरन, सिसिटिभी जडान गरिनेछ। | टोल टोलमा सुरक्षा साईरन एवं सिसिटिभी जडान भएको |
| १४ | नगरपालिकाको प्राथमिकता प्राप्त योजना तथा कार्यक्रम, वहुवर्षीय, अधुरा र क्रमागत योजनाहरूमा बजेट विनियोजन सुनिश्चित गरेपछि मात्र अन्य योजना तथा कार्यक्रममा बजेट विनियोजन गर्ने व्यवस्था मिलाइनेछ। | प्राथमिकतामा राखि कार्य सम्पादन भएको। |
| १५ | टोखा नगरपालिका प्रवेश गर्ने मुख्य सडकहरुमा सांस्कृतिक प्रवेशद्वार निर्माण गरिनेछ। | सांस्कृतिक प्रवेशद्धारहरु केहि निर्माण भएको/ हुने क्रममा निरन्तर रहेको |
| १६ | जनसहभागितामा आधारित विकास निर्माणलाई प्राथमिकता दिदै स्थानीय मागका आधारमा क्रमशः ४० प्रतिशत र ५० प्रतिशत जनसहभागिता मार्फत आयोजना सञ्चालनमा जोड दिइनेछ। | समपुरक कोषमा आवश्यक बजेट व्यवस्था गरि कार्यान्वयनमा उच्च प्राथमिकता दिई १३ वटा आयोजनाहरु सम्पन्न भएको। |

| क्र.स | प्रमुख नीति तथा कार्यक्रम | कार्यान्वयनको अवस्था/उपलब्धी |
|---|---|---|
| १६ | नगरपालिका भित्रका सडकहरूमा सडक सुरक्षा चिन्ह तथा सडक पूर्वाधार (जेब्रा क्रसिङ, लेन छुट्याउने, ट्राफिक संकेत, स्थान पहिचान संकेत, कन्भेक्स लेन्स आदि) राखिनेछ। नगर ब्युटिफिकेशनका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन कार्यलाई निरन्तरता दिइनेछ। | कन्भेक्स लेन्स आदि जडान |
| १८ | निर्मित पूर्वाधारको दिगोपनाको लागि नियमित रुपमा मर्मत सम्भारको कार्यलाई व्यवस्थित र गुणस्तरीय बनाइनेछ। मर्मत संभारको लागि जनशक्ति तथा उपकरणको व्यवस्था गरी मर्मत ईकाइ मार्फत प्रभावकारी रुपमा परिचालनको व्यवस्था मिलाइनेछ। | मर्मत संभारलाई उच्च प्राथमिकता दिईएको। मर्मत संभार कोषको सञ्चालन मार्फत ३८ बटा सडक/बाटोहरु मर्मत संभार गरिएको। |
| **२.४ वातावरण तथा विपद् व्यवस्थापन** | | विनियोजन रकम रु.:-६२८५९<br>खर्च रकम रु.:-३४०४९ (५४.१७%) |
| १ | नदी लगायत अन्य सार्वजनिक स्थानको नियमित रुपमा सरसफाई गरी पूर्ण सरसफाई युक्त नगरपालिका घोषणाको लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ। | हरेक हप्ताको शनिवार नियमित रुपमा नदी सरसफाईको कार्य सम्पादन हुदै आएको, अन्य सचेतनात्मक गतिविधिहरु वढाइएको |
| २ | विपद् सम्बन्धी सचेतना, सीप तथा क्षमता विकास र नमूना अभ्यास कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ। विपद् व्यवस्थापन सामग्री खरिद, उचित भण्डारण र आवश्यकता अनुसार परिचालन गर्दै नगरस्तरीय विपद् व्यवस्थापन तथा प्रतिकार्य योजना बनाई लागू गरिनेछ। | विपद् व्यवस्थापन सामग्री खरिद, उचित भण्डारण र आवश्यकता अनुसार परिचालन गरिएको |
| ३ | विपद् जोखिम क्षेत्रहरू पहिचान तथा नक्साङ्कन गरिनेछ। विपद्को अवस्थामा तत्काल उद्धारका लागि सुरक्षित स्थल (खुल्ला क्षेत्र) तोकिनेछ। एक वडा एक Quick Response Team गठन गरी आवश्यक तालिम प्रदान गरी विपद् प्रतिकार्यको लागि तयारी अवस्थामा राखिनेछ। | वडा/ नगरस्तरीय विपद् व्यवस्थापन समिति क्रियाशिल, विभिन्न विपद् सामग्रीहरु व्यवस्थापन, सुरक्षा निकायसंगको समन्वय, नगरप्रहरी परिचालन,राहत पुनस्थपनाका कार्यक्रमहरु सञ्चालन गरिएको। एक वडा एक Quick Response Team क्रियाशिल रहेको, विभिन्न वडाहरुमा पार्क, खुल्ला स्थानहरुलाई सुरक्षित स्थलको रुपमा सञ्चालन गर्ने गरिएको। |
| ४ | आगलागी नियन्त्रण र आगलागीबाट हुने जोखिम न्यूनीकरणको लागि फायर बल, फायर हाईड्रेन्ट, दमकल जस्ता उपकरणहरुको व्यवस्था मिलाइनेछ। | फायर हाईड्रेन्टको व्यवस्था भएको, दमकल खरिदको चरणमा रहेको, हाल रहेका पानी पोखरीहरुमा पानी सधै हुने व्यवस्था मिलाउन सचेत रहेको |
| ५ | शहरको सुन्दरता अभिवृद्धि र वातावरणमैत्री नगर निर्माण गर्न GREEN AND CLEAN TOKHA अभियान अन्तर्गत एक वडा एक पार्क, एक वडा एक खुल्ला व्यायामशाला निर्माण, एक वडा एक पोखरी, वृक्षारोपण तथा अव्यवस्थित पोल, तार व्यवस्थापन कार्यलाई निरन्तरता दिइनेछ। विभिन्न सार्वजनिक स्थानहरुमा सार्वजनिक शौचालयको व्यवस्था गरिनेछ। | एक वडा एक पार्क, एक वडा एक खुल्ला व्यायामशाला निर्माण, एक वडा एक पोखरी, वृक्षारोपण तथा अव्यवस्थित पोल, तार व्यवस्थापन कार्यलाई निरन्तरता दिइएको, स्थान पहिचान गर्दै सार्वजनिक शौचालय निर्माणलाई प्राथमिकता दिईएको |

| क्र.स | प्रमुख नीति तथा कार्यक्रम | कार्यान्वयनको अवस्था/उपलव्धी |
|---|---|---|
| | **२.५ संस्थागत विकास सेवा प्रवाह तथा सुशासन** | विनियोजन रकम रु.:- ४८७४४८<br>खर्च रकम रु.:- ३६५१३७ (७४.९१%) |
| १ | टोखा नगरपालिकालाई प्राप्त संवैधानिक तथा कानुनी अधिकारको प्रयोग तथा नगरसभाबाट स्वीकृत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक नयाँ कानुनको तर्जुमा, विद्यमान कानुनमा समयानुकूल पुनरावलोकन कार्यलाई निरन्तरता दिइनेछ। | नीति तथा कार्यक्रमले निर्दिष्ट गरेका कानुनहरु नियमित रुपमा निर्माण भै रहेका। |
| २ | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नगरहरूसंग नगरपालिकाको भगिनी सम्बन्ध कायम गर्ने कार्यलाई निरन्तरता दिइनेछ। | जनगणतन्त्र चीनको तिब्वत स्थित नाग्छु सिटीसंग सन् २०२२ देखी भगिनी सम्वन्ध निरन्तर रहेको। नाग्छु सिटीका प्रमुख सहितको प्रतिनिधि मण्डलद्वारा टोखा नगरपालिकाको औपचारिक भ्रमण साथै चिनिङ् (Jining) शहरसंग मित्रवत सम्वन्ध स्थापनाको प्रकृया अगाडि बढेको। |
| ३ | नगरपालिका तथा अन्तर्गतका सम्पूर्ण कार्यालयहरूमा गुनासो सुन्ने संयन्त्रको विकास गरी यथासक्य छिटो गुनासोको सम्बोधन गरिनेछ। नगरपालिका अन्तर्गतका सम्पूर्ण कार्यालयहरुमा गुनासो सुनुवाई संयन्त्रको व्यवस्था गरिनेछ। टोल फ्रि नम्बरको प्रबन्ध मिलाइनेछ। | नगरपालिका, अन्तर्गतका कार्यालयहरुमा गुनासो सुन्ने अधिकारी, सूचना अधिकारीको व्यवस्था गरिएको। गुनासो यथाशिघ्र सम्वोधन भएको। |
| ४ | नगरपालिका र अन्तरगतका कार्यालयहरुबाट सम्पादन हुने सेवाप्रवाहको प्रभावकारिताको लागि नागरिक सन्तुष्टि सर्भेक्षण, प्रगति समिक्षा, सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरिनेछ। साथै सार्वजनिक र सामाजिक लेखापरीक्षण कार्यलाई निरन्तरता दिइनेछ। | विभिन्न निकाय एवं व्यक्तिहरुबाट प्राप्त उजुरीहरु कार्यालयको तर्फबाट समयमानै फर्छ्यौट गर्ने गरी कार्य सम्पादन गरिएको। वडागत रुपमा सार्वजनिक सूनुवाई गरिएको। योजना गत सामाजिक लेखापरीक्षण गर्ने परिपाटीको विकास गर्दै समग्र कार्यक्रमहरुको सामाजिक लेखापरीक्षण गरिएको। |
| ५ | उभोक्ता समितिलाई पारदर्शी एवं जिम्मेवारीमैत्री बनाउन उपभोक्ता समिति गठन देखि कार्य सम्पन्न सम्मका गतिविधिहरुको फोटो तथा भिडियो निमार्ण गरी पेनड्राइभमा राख्ने, काम कारवाहीको सिलसिलेवार चेकलिष्ट तयार गर्ने एवं कार्य सम्पन्न पश्चात उक्त आयोजनाको संरक्षण एवं मर्मत संभारको जिम्मेबारी उपभोक्तालाई नै हुने गरी आयोजना हस्तान्तरण कार्यलाई व्यवस्थितका साथ कार्यान्वयन गरिनेछ। | कार्यन्वयन भै रहेको साथै चालु आ.व. देखनै उपभोक्ताहरुलाई आयोजना हस्तान्तरणको चरणमा रहेको। |
| ६ | नगरपालिकाका सबै घरहरूमा Metric Street Addressing System बाट घर नम्बर वितरण गरी सेवा प्रवाहसंग अन्तर आवद्ध गरिनेछ। | नगरपालिकाका सबै घरहरूमा Metric Street Addressing System जडानको लागि परामर्श सेवाको कार्य समाप्त गरी नम्बर प्लेट जडानको ठेक्का प्रक्रियामा रहेको |
| ७ | नगरपालिकाबाट प्रदान गरिने सम्पूर्ण सेवालाई एकीकृत स्वचालित प्रणालीमा आबद्ध गरी विद्युतीय शासन (E-Governance) र न्यून कागज प्रयोग (Less paper Governance) विधि अवलम्बन गर्दै डिजिटल नगरपालिकामा रुपान्तरण गरिनेछ। | एकिकृत कार्यालय स्वचालित प्रणाली मार्फत सिफारिस, विद्युतीय हाजिरी, दर्ता चलानी, बैठक व्यवस्थापन प्रणाली, आदि कार्यान्वयनमा रहेको, ईमेलको प्रयोगमा बढावा भएको |

| क्र.स | प्रमुख नीति तथा कार्यक्रम | कार्यान्वयनको अवस्था/उपलव्धी |
|---|---|---|
| ८ | नगरका गतिविधिहरू नगरवासी समक्ष पुर्याउन नगर बुलेटिन/ मुखपत्र/ नगरको Website/ सामाजिक संजाल मार्फत प्रकाशन/प्रशारण गर्ने कार्यलाई निरन्तरता दिइनेछ। नगरपालिकामा सूचना केन्द्रको स्थापना गरिनेछ। | नगर बुलेटिन/ मुखपत्र/ नगरको Website/ सामाजिक संजालमा माध्यमबाट गरिएको |
| ९ | नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुको ज्ञान, सीप, क्षमता, दक्षता अभिवृद्धिको लागि विभिन्न तालिम, गोष्ठी, अध्ययन, अवलोकन, भ्रमण तथा मनोसामाजिक कार्यक्रम सञ्चालन गरी संस्थागत कार्यसम्पादनलाई प्रभावकारी बनाइनेछ । नगरपालिकाको अधिकार क्षेत्र, नगरपालिकाबाट प्रदान हुने सेवा तथा नगरपालिकाबाट जारी भएका कानुनका सम्वन्धमा नगरवासीलाई जानकारी गराइनेछ। | जनप्रतिनिधि तथा कर्मचारीहरुलाई क्षेत्रगत तालिम एवं अध्ययन अवलोकन भ्रमणको व्यवस्था भएको। |
| १० | कानुनी सचेतना, न्याय तथा परामर्श, विवाद समाधानका लागि मेलमिलाप, मध्यस्थता आदि क्रियाकलापहरु सञ्चालन गरी न्यायिक प्रणालीलाई व्यवस्थित बनाइनेछ। आर्थिक वर्षको अन्त्यसम्म उजुरी फछ्र्यौट दर शत प्रतिशत हुनेगरी कार्यसम्पादन गरिनेछ। | न्यायिक समितिका काम कार्वाहीहरु व्यवस्थित रुपमा सञ्चालन भएको । सूचिकृत मेलमिलाप कर्ताहरुलाई मेलमिलाप सम्बन्धी तालिम, जिल्ला अदालतसंगको सहकार्यमा न्यायिक वाह्य पहुँच कार्यक्रम सञ्चालन |
| ११ | कार्यालयको जिन्सी सामानहरुको अभिलेखलाई थप व्यवस्थित वनाउदै जिन्सी निरीक्षण समयमा नै गराई आवश्यकताको आधारमा मर्मत र लिलाम गरी जिन्सी व्यवस्थापनलाई व्यवस्थित बनाइनेछ । जिन्सी व्यवस्थापनलाई सूचना प्रविधिमा आधारित बनाई प्रभावकारिता बृद्धि गरिनेछ। | जिन्सी प्रतिवेदन तयार भएको |
| १२ | अघिल्ला आर्थिक वर्षहरूको बेरुजुमध्ये नियमित गर्नुपर्नेलाई नियमित गरी असुल उपर गर्नुपर्ने खालको बेरुजु सम्बन्धित व्यक्ति तथा संघसंस्थाहरूसंग नियमानुसार असुल गरिनेछ। अन्तिम लेखापरीक्षणले औल्याउने बेरुजु रकम शून्य हुने गरी आर्थिक कारोवार तथा सोको लेखाङ्कन गरिनेछ। | वेरुजु असुल गराउने तर्फ सचेत भई वेरुजु कम हुने गरी कार्य सम्पादनमा जोड दिईएको। |
| १३ | आर्थिक कारोवारका सबै क्रियाकलापहरूमा स्वच्छता, जवाफदेहिता, पारदर्शिता, मितव्ययिता, प्रभावकारिता र प्रतिस्पर्धा कायम गर्दै आर्थिक अनुशासनलाई कडाईका साथ पालना गरिनेछ । गैर बजेटरी खर्च र अबण्डा बजेट मार्फत हुने खर्च नियन्त्रण गर्दै सार्वजनिक खर्चमा विनियोजन कुशलता र कार्यान्वयन दक्षता वृद्धि गर्दै लगिनेछ। | वडागत सहित नगरपालिकामा नियमित सार्वजनिक सूनुवाई गरिएको । समग्र योजनाहरुको सामाजिक लेखापरीक्षण गरिएको। |

| क्र.स | प्रमुख नीति तथा कार्यक्रम | कार्यान्वयनको अवस्था/उपलव्धी |
|---|---|---|
| १४ | नगरपालिकाको आन्तरिक आयलाई थप सुदृढ बनाई बजेटमा परनिर्भरता घटाउन कूल बजेटमा आन्तरिक आयको हिस्सा क्रमशः बढाउदै लगिनेछ । राजस्वका थप क्षेत्रहरुको पहिचान सहित दायरा विस्तार गरी राजस्व सङ्कलन तथा करदाताको अभिलेख व्यवस्थित बनाउन सबै प्रकारका आर्थिक क्रियाकलापहरुलाई स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SuTRA) मा आबद्ध गराइनेछ। | आन्तरिक आय बृद्धिका लागि विभिन्न अभियान (कर सप्ताह, कर अभियान) सञ्चालन गरी आन्तरिक आयको हिस्सा बढाइएको। आन्तरिक आय रु. ३१ करोड ५७ लाख भएको। |
| १५ | आन्तरिक राजस्वको दायरा बढाउनको लागि व्यवसाय दर्ता अभियान, सम्पतिकर तथा वाहालकर संकलन अभियान, सञ्चालन गर्नुका साथै कर सप्ताह लगायतका कार्यक्रमहरु सञ्चालन गरी करदाताहरुमा सचेतना अभिवृद्धि गरिनेछ। सबैभन्दा बढी कर तिर्ने करदातालाई सम्मान गर्ने कार्यलाई निरन्तरता दिदै कर तिर्ने तथा नतिर्नेहरूको विवरण वेबसाइट र सामाजिक संजाल मार्फत सार्वजनिक गरिनेछ। कार्य सम्पादन सूचकको आधारमा उत्कृष्ट हुने वडा कार्यालयहरुलाई पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिइनेछ। | करका दर र दायरामा सम्वन्धमा छलफल भई दायरा विस्तार, दरमा समयानुकूल परिमार्जन एवं कर अभियान निर्देशिका तयार गरी सो बमोजिम १.५ महिना कर अभियान सञ्चालन गरिएको र करदाता सम्मान गरिएको |
| १६ | आर्थिक क्रियाकलापहरूको मासिक, चौमासिक र बार्षिक विवरणहरू सूचनापाटी, Website तथा संचारका माध्यमहरूबाट सार्वजनिक गरिने कार्यलाई निरन्तरता दिइनेछ। | नगरपालिका तथा वडा कार्यालयको फेसबुक पेज, नगरपालिकाको वेबसाईटबाट मासिक एवं चौमासिक रुपमा सार्वजनिक गरिएको। |
| १७ | नगरपालिकामा रहने विभिन्न कोषहरूको सञ्चालनको कार्यविधि पूर्ण कार्यान्वयनमा ल्याइनेछ। | कार्यविधि निर्माण भई सोहि अनुसारनै कार्य सम्पादन भएको। |
| १८ | निश्चित आधार र अंक भारको आधारमा विषय क्षेत्रगत तथा वडागत रुपमा बजेट सीमा निर्धारण गर्ने कार्यलाई थप व्यवस्थित बनाउदै लगिनेछ। | वडागत बजेट विनियोजनका लागि निश्चित मापदण्ड तय गरी न्यूनतम् २ करोड ५० लाख विनियोजन हुने व्यवस्था मिलाईएको। |
